स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला नेपाली हलमा फिल्म "परान" ले सुखद ब्यापार गरिरहेको छ। फिल्मको प्रवर्धनको लागि कलाकार हल भिजिटमा ब्यस्त छन्। केकी अधिकारीसहितका कलाकारले काठमाडौं उपत्यकाका विभिन्न हलमा पुगेर दर्शकलाई भेटेका छन्। साथै, दर्शकीय प्रतिक्रिया पनि बुझेका छन्। पछिल्लो शनिबार १३ मंसिरसम्म फिल्मले सिनेपाः बक्सअफिससम्म करोड १६ लाख ७७ हजार ५५८ नेरु ग्रस कमाएको छ।

**आजको विचार...**



पुरानो...
(दुई पेजमा)

रोशन देव

वर्षा सिवाकोटीले देखेको एक मात्र सपना थियो -बैंकर बन्ने।यो सपना उनले आफ्ना बुबाको आँखाबाट देखेकी थिइन्। उनका बुवा काठमाडौंको एक बैंकमा काम गर्थे। काममा जाँदा कहिलेकाहीँ उनलाई पनि सँगै लिएर जान्थे। सानी वर्षालाई आफ्नो टेबलमा राखेर भन्थे ( तिमी पनि यस्तै हुनुपर्छ। यस्तै विषय पढ्नुपर्छ।बुबाले दुनियाँ छाडेर गए पनि वर्षाले उनीसँगै देखेको सपना छाडिनन्। बैंकमा जागिर खाने सपना पूरा गर्ने अडान लिएकी थिइन्।



❐ वर्ष ३१ अंक १२५ ❐ २०८२ मंसिर १६ गते मंगलबार 2 December 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सालझण्डी–ढोरपाटन सडक : तीन पटक म्याद थप्दा ६० प्रतिशत काम

**हाम्रा संवाददाता/रासस** ——

**ढोरपाटन (बागलुङ),** मङ्सिर १५/ तराई र पहाडलाई जोड्ने गरी निर्माण भएको सालझण्डी-ढोरपाटन सडकको बागलुङ खण्डमा कामले गति लिन सकेको छैन । ट्र्याक खुलेको वर्षौंसम्म सडक स्तरोन्नति हुन नसक्दा स्थानीय र ढोरपाटन आउने पर्यटकले सास्ती खेप्नु परेको छ । सडकको बुर्तिबाङ-फल्लेघरसम्मको करिब २२ किलोमिटर सडक ग्राभेलका लागि चार वर्ष अगाडि स्वच्छन्द/ओमबुद्ध जेबी काठमाडौँले जिम्मा पाएको थियो । विसं २०८० वैशाखका ग्राभेल गरिसक्नुपर्ने भए पनि अहिलेसम्म जम्मा ६१ प्रतिशत मात्रै काम सकिएको छ । ३० महिनामा सक्नेगरी विसं २०७८ कात्तिक ५ गते सम्झौता भएको थियो । निर्माण कम्पनीले अहिले तेस्रो पटक म्याद थप गरेर काम गरिरहेको छ ।

उक्त म्याद पनि आगामी विसं २०८३ जेठसम्म रहेको छ ।रु २५ करोड ६१ लाख ३१ हजार १६६ मा उक्त खण्ड स्तरोन्नति भइरहेको सालझण्डी-ढोरपाटन सडक



आयोजनाका सचना अधिकारी कृष्टिना थापाले जानाकारी दिइन् । अहिले सडक फराकिलो बनाउने, नाली निर्माणसहित ग्राभेलको काम भइरहेको उनको भनाइ छ । केही समयदेखि निर्माण कम्पनीले धमाधम काम गरिरहेको थापाले बताइन् । यो अन्तिम म्याद रहेको उनी बताउन्छिन् । आगामी जेठसम्म नसके अर्को प्रक्रियामा जाने थापाको भनाइ छ । निर्माण कम्पनीले अहिलेकै गतिमा काम गरे जेठसम्म काम सक्ने उनी बताउन्छिन् । "लामो समय काम नहुँदा सडक अलपत्र परेको थियो, अहिले निर्माण कम्पनीले मेसिन र कामदार लगाएर काम गरिरहेको छ, सुरुबाटै काम गरेको भए एक वर्ष अगाडिनै सकिनुपर्ने हो, तर काम भएन," उनले भनिन्, "अहिलेको गतिमा काम भए त यो म्यादभित्र काम सकिन समस्या छैन, आशा गरौँ काम सकिएला ।" स्वच्छन्द/ओमबुद्ध जेबीका प्रतिनिधि डालबहादुर कुँवरले आगामी जेठ महिनासम्म काम सक्ने गरी तीव्र गतिमा भइरहेको बताए । अहिले सडकका विभिन्न खण्डमा छ वटा ठूला मेसिनसहित कामदार लगाएको उनको भनाइ छ । पुस र माघ महिनामा धेरै चिसो हुने हुँदा अहिलेनै अलि बढी काम सक्नुपर्ने बाध्यता रहेको कुँवरले सुनाए । गत मङ्सिरदेखि यस खण्डमा कामले गति लिएको हो । विसं २०६८ मा रूपन्देहीदेखि सुरु भएको यस सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पाहुँदै ढोरपाटन जोडिएको छ । रूपन्देहीमा, अर्घाखाँची, पाल्पा र गुल्मी जिल्लामा काम तीव्र गतिमा भए पनि बागलुङ खण्डमा अपेक्षा अनुसार काम हुन नसकेको हो । यतिका समयसम्म काम सम्पन्न हुनहुँदा हिउँदमा हिलो र बर्खामा धुलोले स्थानीय र ढोरपाटन आउन पर्यटकले सास्ती खेप्नु परेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले बताए । पछिल्लो समय ढोरपाटनमा आउने पर्यटकको चाप बढेको भन्दै सडकको दुरावस्थाका कारण दुःख पाउनु परेको उनको भनाइ छ । उपप्रमुख कायतले भने, "बुर्तिबाङ-ढोरपाटन लामो समयसम्म स्तरोन्नति नहुँदा हजारौँ स्थानीय र पर्यटकले दुःख पाएका छन्, अहिले निर्माण कम्पनीले काम सक्ला भन्ने छ, काम गरिरहेको हुँदा आशा पलाएको छ, यो ढोरपाटनमा उत्पादन भएका वस्तु बजारीकरण गर्ने मुख्य सडक हो, बर्खामा यात्रा गर्न निकै कठिन छ, हिउँदमा पनि त्यत्ति सहज छैन ।"

**फल्लेघरदेखि देउरालीसम्म कालोपत्र गरिने**

बुर्तिबाङ-ढोरपाटन खण्डकै फल्लेघर-देउराली सडक कालोपत्रका लागि काम सुरु भएको छ ।सालझण्डी-ढोरपाटन सडक आयोजनाले गत असार २७ गते ठेक्का सम्झौता गरेर काम अगाडि बढाएको हो ।यस खण्ड सुरुमा ट्र्याक खुलेदेखि अहिलेसम्म स्तरोन्नतिनै भएको छैन । रु १६ करोड ४८ लाख २६ हजार २२८ लागतमा दुई वर्षमा सक्ने गरी काम सुरु भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयले जनाएको छ । सडक कालोपत्रका लागि पिटीआर अधिकारी कन्स्ट्रक्सनले जिम्मा पाएको सूचना अधिकारी कृष्टिना थापाको भनाई छ । तीन किलोमिटर सडक साह्रै साँघुरो हुँदा यात्रासमेत जाखिमपूर्ण हुने गरेको उहाँको भनाइ छ ।अहिले सडक फराकिलो, नाली निर्माणको काम हुन थालेको थापाले बताइन् ।

### संक्षिप्त समाचार

## काग्रेस महाधिवेशन पुस २६ देखि २८ गतेसम्म हुने

**पाटन (ललितपुर),** मङ्सिर १५/ नेपाली कांग्रेसले पार्टीको केन्द्रीय महाधिवेशन आगामी पुस २६ देखि २८ गतेसम्म काठमाडौँ गर्ने निर्णय गरेको छ ।कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा सोमबार बसेको केन्द्रीय समितिको बैठकले पुस २६ देखि तीन दिनसम्म बस्नेगरी महाधिवेशको मिति तोकेको प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए। गत असोज २८ गतेदेखि जारी केन्द्रीय समितिको सोमबारसम्पन्न बैठकको निर्णय जानकारी गराउँदै पार्टी प्रवक्ता डा. महतले केन्द्रीय महाधिवेशन तयारी प्रक्रियाअन्तर्गत यही मङ्सिर २० गतेभित्र क्रियाशील सदस्य वितरण गर्नेगरी कार्यतालिका स्वीकृत भएको बताए ।"मङ्सिर २४ गतेसम्म क्रियाशील सदस्यता नवीकरण टुङ्गोमा पुऱ्याउने र पुस ८ गतेसम्म नयाँ क्रियाशील सदस्यसम्बन्धी सबै काम सम्पन्न गर्ने तालिका तय भएको छ, नयाँ क्रियाशील सदस्य वितरणमा समावेशी, युवा तथा पार्टीमा प्रवेश गरेकालाई समेट्ने निर्णय भएको छ", उनले भने । पार्टीको निर्णयअनुसार आगामी पुस १५ गतेभित्र जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गर्ने, पुस १६ गते गाउँ तथा नगर वडा अधिवेशन, पुस १७ गते गाउँ तथा नगरपालिका अधिवेशन, पुस १९ गते प्रदेश क्षेत्रीय अधिवेशन, पुस २१ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको समेत अधिवेशन हुने भएको छ ।-**रासस**


## महिला हिंसा अन्त्य गरौं ।

-महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
-महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
-कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
-हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
-कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
-घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
-हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।
महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड


## आज अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस मनाइँदै

**हाम्रा संवाददाता** ——

**पाल्पा,** मंसिर १५ / आज अन्तर्राष्ट्रिय दासता उनमुलन दिवस, नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । विभिन्न क्षेत्रमा हुने गरेको शोषण अन्त्यका लागि सन्देश प्रवाह गर्न संयूक्त राष्ट्रसंघको आह्वानमा सन् १९४९ देखि हरेक वर्ष डिसेम्वर २ का दिन यो दिवस मनाउने गरिन्छ । नेपालमा दास तथा दासता प्रथाहरुको अन्त्य भएपनि दासताको परिवर्तित स्वरुपले विश्वमा चुनौतिपुर्ण बनिरहेको छ ।

नेपालमा श्री ३ चन्द्र शमसेर राणाले विसं १९८३ मा दास प्रथा उन्मुलनको घोषणा गरेका थिए । विश्वमा झण्डै २१ करोड महिला, पुरुष र बालबालिका दासताको शिकार भएको तथ्यांक छ । नेपालमा आन्तरिक तथा बाह्य बेचबिखन जस्ता आधुनिक दासत्व पनि बढ्दै गएको यस क्षेत्रमा काम गर्नेहरुले बताएका छन् । यस्तै पुराना तरिकाका दास तथा दासताका प्रथा घटे पनि मानव तस्कर, अङ्ग तस्कर र जबरजस्ती यौन




व्यवसायमा लगाइने गरेको पाइएको छ । दासत्व भनेको अरू मानिसको स्वामित्वमा रहेका व्यक्तिका बारेमा कम र छोड्न सक्षम नभएको, शोषण र पूर्ण रूपमा अरू कसैद्वारा नियन्त्रित हुनुजस्ता पक्षका बारेमा बढी हुनुलाई शाब्दिक रूपमा लिन सकिन्छ । नेपाली समाजमा समेत आधुनिक दासत्व के हो भन्नेबारे चेतना बढ्दै गएको छ । पेसागत सुरक्षा अभिवृद्धि गर्न, जोखिम कम गर्न र न्यूनतम पारिश्रमिक निर्धारण गर्न सकेमा हामीले दासत्व उन्मूलन गर्ने दिशामा ठूलो नतिजा हासिल गर्न सक्थ्यौँ । आधुनिक दासत्व उन्मूलन गर्ने भनेकै 'रोकथाम, संरक्षण र दण्ड' व्यवस्थापनमा केन्द्रित छ । राजनीतिक दल, नेता र कार्यकर्ताको कृत्यले राज्य प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्नो राज्य नीतिमार्फत वा राज्य अङ्ग वा अधिकारीको कार्य वा बहिष्कारमार्फत आधुनिक दासत्व अपराधको आयोगमा संलग्न छन् । राज्यले समस्याको पहिचान गर्दै दासत्व उन्मूलन गर्न अवसरको भरपूर उपयोग गर्नुपर्छ । आप्रवासी कामदारको उद्धारको तयारीका निम्ति आफ्नो देशका कामदारलाई विदेशमा ट्रेस गर्न सक्ने नीति सरकारले लिनुपर्छ ।दासत्व उन्मूलनको विशाल अभियानमा सैयता प्रक्रियालाई पुनरुत्थान, सुदृढीकरण वा आवश्यक संरचना परिचय गर्ने अवसरका रूपमा प्रयोग गर्न राजनीतिक दल र सरोकारवाला कटिबद्ध हनुपर्छ । बौद्धिक र कर्पोरेट अफिसका वातानुकूलित कोठामा मिठा शब्दले ओतप्रोत आधुनिक दासत्वका विभिन्न रूपलाई सम्बोधन गर्न सबैले आफ्नो क्षेत्रको समस्या खुलेर बहस गर्न तयार हुनुपर्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## दासत्व उन्मूलन दिवसको सन्दर्भ

**आज नेपालसहित विश्वभर अन्तर्राष्ट्रिय दासत्व उन्मूलन दिवस विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । सन् १९४९ को आजको दिनमा (डिसेम्बर २) संयुक्त राष्ट्रसंघको महासभाले व्यक्तिको आवागमन र अन्यको वेश्यावृत्ति शोषणको दमनसम्बन्धी महासन्धि पारित गरेको थियो । यौन शोषण, मानव बेचबिखन, बालश्रमको सबैभन्दा जघन्य रूप, जबरजस्ती विवाह र सशस्त्र द्वन्द्वमा प्रयोगका लागि बालबालिकालाई जबरजस्ती भर्ती गर्ने जस्ता आधुनिक दासत्व अन्त्य गर्न यो अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस मुखरित छ ।**

**हरेक वर्ष यो दिवस मनाउने गरिए पनि यसले खासै सार्थकता भने पाएको देखिँदैन । दासलाई नेपालमा कमैया, कम्हलरी, हली, हरवा, चरवाको रूपमा केही बर्षअघिसम्म सम्बोधन गरिन्थ्यो । सैद्धान्तिक रूपमा अहिले निर्मूल गरिएको निश्चितै छ । तर, व्यवहारिक रूपमा अहिलेसम्म कतिपय ठाउँमा कायमै छ । हो, नाम फेरिएको छ । व्यवहारमा केही नरमपना आएको होला । तर, प्रवृत्तिले फड्को मार्न सकिरहेको छैन । अथवा यो ब्यवहारिक रूपमा निर्मूल भएको छैन । शहरका होटेलहरूमा काम गर्ने मानिसलाई नाममात्रको ज्याला दिएर दिनमा पन्ध्र सोह्र घण्टा कडा काममा जोताइन्छ । त्यो पनि दासता लाधेको हो । खेत बारीमा, मेलापातमा बिहान उज्यालो हुँदाबाट साँझ आँखाले देखुञ्जेलसम्म काममा जोताइएको हुन्छ । उनीहरूप्रति गरिने ब्यवहार दासलाई गर्ने प्रकारले गरिएको हुन्छ । घरेलु कामदारलाई मालिकहरूले त्यसरी नै काम लधाएका हुन्छन् । यो अत्यन्त दुखको कुरा हो । देशको हकमा दास प्रथाहरू अन्त्य त भए तर ती कानुनी रूपमा मात्र । व्यावहारिक रूपमा भने अन्त्य हुन सकेनन् । कानुनी रूपमा कमैया, कमलरी प्रथा अन्त्य गरियो तर उनीहरूको पुर्नस्थापना हुन सकेन । कानुनी रूपमा मात्र अन्त्य गरेर समस्याको समाधान हुँदैन । जबसम्म व्यावहारिक रूपमा हामीले समस्या समाधान गर्दैनौं तबसम्म कुनै पनि समस्याको समाधान हुन सक्दैन । यसका लागि जनचेतनामूलक कार्यक्रमहरू गाउँ-गाउँमा पुऱ्याउन आवश्यक छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय दासत्व उन्मूलन दिवसको सार्थकता रहन्छ ।**

### Opinion @ Socia Network

साथ त तिम्रो जिन्दगीभरको चाहिएको हो, समय अनुसारको त होइन।

*(समुन्द्र विक्रमको **फेसबुक स्टाटसबाट** www.facebook.com/samundrabikram)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुरानो संरचनाविरुद्ध नयाँ चेतना



**रोशन देव**

***नेपाल गहिरो ऐतिहासिक संक्रमणबाट गुज्रिरहेको छ, राजनीतिक असन्तुष्टि बढ्दै छ र युवा पुस्तामा राज्यप्रति अविश्वास बढेको छ। युवा पुस्ताले शिक्षा, रोजगारी र न्यायको अभाव महसुस गर्दै विदेश पलायन हुनुपरेको छ, तर उनीहरू देशमै भविष्य खोज्न चाहन्छन्।***

नेपाल आज एउटा गहिरो ऐतिहासिक सङ्क्रमणबाट गुज्रिरहेको छ। सतहमा शान्त देखिने राजनीतिक वातावरणभित्र एक अकल्पनीय असन्तोष उम्लिरहेको छह सडकमा युवाको रोष, सामाजिक सञ्जालमा नागरिकको प्रश्न र देशभर फैलिएको शासनप्रति अविश्वासले एउटा नयाँ यथार्थ जन्माइरहेको छ। विडम्बना त के छ भने यो सबै यथार्थ आकस्मिक होइन, यो धेरै वर्षदेखि बनेर आएका गहिरा संरचनागत समस्याहरूको परिणाम हो।

नेपालले राजनीतिक प्रणाली फेऱ्यो, संविधान फेऱ्यो, शासन प्रणाली फेऱ्यो, तर शासन मनोवृत्ति भने उही रह्यो। यही कारण परिवर्तनको धेरै चोटी, तर प्रगतिको झिनो धूलो मात्रै। हाम्रो इतिहासको घाउ अझै ताजा छ। राजतन्त्रको पतन, जनयुद्धको बलिदान, संविधानसभाको ठुलो आकांक्षा, संघीयताको आशा-यी सबैले देशलाई नयाँ यात्रामा डोऱ्याए। तर विडम्बना, देशको मुख्य संरचना अझै पनि पुरानै शक्ति-केन्द्रको कब्जामा छ। नीति बनाउनेहरू जनतालाई भन्दा आृनै दायरा, आफ्नै गुट, आफ्नै संरक्षित नेटवर्कका लागि नीति बनाइरहेका देखिन्छन्। शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय-जतातते सर्वसाधारणले भेट्छन् निराशा, ढिलासुस्ती, उपेक्षा र असक्षमता। यो यथार्थ कुनै एक सरकारको होइनह यो धेरै दशकदेखि जरा गाडेर बसेको सत्ता-शैलीको परिणाम हो, जसमा परिवर्तनको वाचा धेरै आएको छ तर व्यवहारमा परिवर्तन भने कहिल्यै गहिरोसम्म पुग्न सकेन।

नेपालमा अहिले सबैभन्दा बढी चोट पाएको वर्ग युवा पुस्ता हो। यो पुस्ताले देशप्रति आस्था राखेको छ, राष्ट्रप्रति गौरव राखेको छ । तर राज्यप्रति भरोसा राख्न सक्ने अवस्था भने हराइरहेको छ। शिक्षा पूरा गरेको, सीप सिकेको, विदेश नजान खोजेको युवाले पनि अन्तत: विदेश जाने टिकट लिन्छ । किनकि देशले भन्न सकेको छैन।"तिमीलाई भविष्य यहीँ छ, तिमीलाई अवसर यहीँ छ।" लाखौं युवाहरूको सामूहिक पलायन स्वैच्छिक होइनह यो नेपालले उनीहरूलाई दिने वातावरण कमजोर भएको प्रमाण हो। राजनीति देशको दिशा निर्धारण गर्ने क्षेत्र हो, तर यतै सबैभन्दा बढी निराशा देखिन्छ। राजनीतिक दलहरू जनताको शक्तिमा बाँच्ने भए पनि जनताबाटै टाढिँदै गएका छन्। निर्वाचनताका सुन्दै आएका वाचा(शिक्षा सुधार, स्वास्थ्य सुधार, रोजगार सृजना, उद्योग प्रवर्द्धन, पारदर्शिता)यी सबै सरकार गठन भएपछि अदृश्य हुन्छन्। नेताहरू जनताको घरको ढोकामा मत माग्न आउँछन्, तर जनताको समस्याको ढोकामा फर्केर कहिल्यै आउँदैनन्। सरकारहरू बन्छन्, बिग्रन्छन्, फेरि बन्छन् -तर शासनको स्वरूप भने सधैँ उहीह असक्षमता, स्वार्थ, उदासीनता र गैरजवाफदेहिताको मिश्रण। यही कमजोर शासन संरचनाविरुद्ध पहिलो ठुलो विद्रोह थिया ।(माओवादी जनयुद्ध। त्यतिबेलाको संघर्ष केवल राजनीतिक सत्ता हत्याउने प्रयास थिएन त्यो सामाजिक परिवर्तनको युद्ध थियो। राज्यको मूल संरचनामा बसेको अन्याय, विभेद, सामन्तवाद, वर्गीय शोषण, जातीय भेदभाव र आर्थिक)राजनीतिक असमानताविरुद्ध जनस्तरबाट भएको ऐतिहासिक निर्णय थियो। त्यो आन्दोलनले इतिहासको दिशा बदलिदियो। राज्यको पुरानो संरचना च्यातियो, राजतन्त्र ढल्यो, नयाँ संविधान आयो, गणतन्त्र जन्मियो र देशले समावेशी संरचनातर्फ यात्रा सुरु गऱ्यो।

तर परिवर्तनको यात्रामा एउटा ठुलो विडम्बना पनि रह्यो(संस्था फेरिए पनि संस्थाहरू चलाउने मानसिकता पुरानै संरचना र सोचले चलायो। माओवादी आन्दोलनको आदर्श ध्येय भनेका( समानता, वर्गीय न्याय, जनताको अधिकार, स्थानीय सशक्तीकरण, राज्य)सम्पदामा नागरिकको पहुँच(यी सबै लक्ष्य अंशत: मात्र पूरा भए। आन्दोलनका धेरै मुद्दाहरू संविधानमा समावेश त भए, तर त्यसलाई कार्यान्वयन गर्ने संरचना भने फेरबदल हुन सकेन। आन्दोलनले आृनो गति गुमायो, नेतृत्व सत्ता)संस्थामा पुगेपछि आन्दोलनकारी चरित्र फिक्का हुँदै गयो र परिवर्तनको गहिरो स्वरूप संस्थागत हुन सकेन। यही असन्तोषका छिरा, यतिका वर्षदेखि भित्रभित्र जलिरहेको निराशा, र असमानताको निरन्तरता आज फेरि नयाँ पुस्ताको हातमा पुन:जीवन पाएजस्तो देखिएको छ। अहिले नेपालमा उठिरहेको जेनजीको आन्दोलन कुनै साधारण असन्तोष होइनह यो देशले पछिल्ला ३० वर्षमा देखेको सबैभन्दा स्वाभाविक, स्वत:स्फूर्त र बौद्धिक आन्दोलन हो। यो आन्दोलन कुनै दलले चलाएको होइन, कुनै नेताले निर्देशन दिएको होइन, कुनै संगठनले नियन्त्रण गरेको पनि छैन। यो नागरिक चेतनाको उदय हो(विशेषगरी त्यही पुस्ताको, जसले सिस्टमलाई आँखाले देखेको छैन, तर प्रत्यक्ष अनुभव गरेको छ। यस पुस्ता राजनीतिक भाषणमा विश्वास गर्दैनह उनीहरू परिणाममा विश्वास गर्छन्। उनीहरूलाई वाचा कहिल्यै प्रभावित पार्दैनह उनीहरूलाई चाहिने हो)काम, पारदर्शिता, जवाफदायित्व, न्याय र अवसर। यही माग जब सडकमा बग्छ, तब प्रणाली नै हल्लिन्छ। सत्ता व्यवस्था आत्तिन्छ। पुराना नेतालाई नयाँ पुस्ताको आँधी अनौठो लाग्छ। किनकि यो आँधी भावनाले होइन, तथ्यले चल्छ। आँधी आवेशले होइन, तर्कले चल्छ। नेपालकै इतिहास हेर्दा, परिवर्तन कहिल्यै सजिलो थिएन। जनआन्दोलन २०४६ होस्, जनयुद्ध २०५२ होस्, मधेस आन्दोलन होस् प्रत्येक परिवर्तन बलिदानको परिणाम थियो। तर आजको युवा विद्रोह बन्दुकको होइन, बौद्धिकताको हो। संघर्षको भाषा बदलिएको छ। एउटा समय थियो( नेताहरूले जनता शिक्षित छैनन् भन्थे, अब जनता भन्न थालेका छन्- 'राजनीतिक नेतृत्व अपरिपक्व छ।' इन्टरनेट, सूचना, विश्वव्यापी पहुँच, अध्ययन, तथ्य(आधारित बहस-यी सबैले नयाँ पुस्तालाई राजनीतिकरूपमा अत्यन्त सचेत बनाइदिएको छ। यस पुस्ता केवल सरकारविरुद्ध होइनह उनीहरूको विद्रोह सम्पूर्ण शोषण, भ्रष्टाचार, असमानता र दण्डहीन राज्य-मनोवृत्तिविरुद्ध छ। उनीहरूलाई राम्रो अस्पताल चाहिएको छ, राम्रो विद्यालय चाहिएको छ, राम्रो सडक चाहिएको छ, सुकार्य प्रशासन चाहिएको छ, न्याय चाहिएको छ, करको उचित उपयोग चाहिएको छ, र सबैभन्दा बढी आफ्नै देशमा बस्ने भविष्य चाहिएको छ। यही कारण यो विद्रोह एकपटक उठेको विद्रोह होइनह यो दीर्घकालीन परिवर्तन प्रक्रियाको सुरुवात हो।

सरकार र दलहरूको पुरानो शैली अब टिक्ने अवस्था छैन। जनताको नजर बढिसकेको छ, सूचनाको पहुँच छ, र गलत काम छिप्याउने ठाउँ समुचित हुँदै गएको छ। राज्यको हरेक निर्णय सार्वजनिक बहसको विषय बन्छ। कुनै मन्त्रिपरिषद्को निर्णय पनि अब अँध्यारो कोठामा गुपचुप टिक्न सक्दैन। युवा पुस्ताले सरकारको हरेक घोषणा जाँच्छ, प्रत्येक वक्तव्यको तथ्य खोज्छ, र हरेक निर्णयको प्रभाव बुझेर प्रश्न सोध्छ। जब जनताको निगरानी यति बलियो हुन्छ, तब शासनको शैली बदलिनै पर्छ।

नेपाल आज एउटा यस्तो मोडमा छ, जहाँ दुवै सम्भावना खुला छन्(देश अझै कमजोर हुँदै जाने, वा देश फेरि उठ्ने। पहिला सम्भावना तब बढ्छ जब पुरानो राजनीतिक वर्गले नागरिकको आवाजलाई पन्छाइदिन्छ, जेनुइन प्रश्नलाई 'विरोध' भनेर दमन गर्छ, युवाको मागलाई 'प्रचार' भनेर बेवास्ता गर्छ, र परिवर्तनलाई जोखिम ठानी राज्यलाई पुरानै शैलीमा चलाउन खोज्छ। तर दोस्रो सम्भावना तब हुन्छ जब यही आवाजलाई सत्ता संरचनाले सुन्छ, आत्मसमीक्षा गर्छ, परिवर्तन स्वीकार गर्छ र शासनलाई जनमुखी बनाउने साहस जुटाउँछ। नेपाल असफल राष्ट्र होइनह नेपाल संघर्षरत राष्ट्र हो। नेपाल असफल सरकारहरू बोकेको देश हो, तर विफल जनता होइन। यहाँको जनतामा अदम्य जीवट छ, युवामा उत्साह छ, परिवर्तनको सम्झना अझै ताजा छ। यही कारण देश हरेक कठोर मोडमा फेरि उठ्न सकेको छ। आजको जेनजी विद्रोहमा माओवादी आन्दोलनको प्रत्यक्ष विरासत छ(समानताका लागि जागरण, अन्यायविरुद्ध प्रतिरोध, र राज्य नागरिकको हो भन्ने बोधको निरन्तरता। भिन्नता शैलीमा मात्र छ)पहिले बन्दुक उठाइयो, आज कलम, तथ्य, प्रश्न, मञ्च र डिजिटल शक्ति उठाइएको छ। र यो परिवर्तनको ऊर्जा अब रोकिनेछ भन्ने आड कसैले गर्न मिल्दैन ।

नेपालका नेताहरूले बुझ्नुपर्ने कुरा एक हो (देश तब मात्र बलियो हुन्छ जब नागरिक बलियो हुन्छन्। नागरिक तब बलियो हुन्छन् जब उनीहरूलाई अधिकार, अवसर, न्याय र सम्मान प्राप्त हुन्छ। तर अहिले सबैभन्दा ठुलो विडम्बना यही छ)अधिकार कागजमा छ, अवसर विदेशमा छ, न्याय अदालतको जालोमा छ, र सम्मान नेताको भाषणमा मात्र छ। तर इतिहास सधैँ एकै दिशामा बग्दैन। कहिलेकाहीँ जनता उठेपछि इतिहासको दिशा नै परिवर्तन हुन्छ। नेपाल अहिले यस्तै क्षणबाट गुज्रिरहेको छ। प्रश्न उठेको छ( देशले फेरि अधुरो परिवर्तनको चक्र दोहोऱ्याउने छ कि यसपटक परिवर्तन अन्तत: गहिरोसम्म पुग्नेछ ? देश फेरि पुरानै हातमा फर्कनेछ कि जेनजीको चेतना नयाँ युग जन्माउनेछ ? उत्तर निकट भविष्यले दिन्छ, तर संकेत स्पष्ट )यो पुस्ता जागिसकेको छ। जागरण एकपटक सुरु भएपछि, परिवर्तन केवल समयको कुरा हुन्छ। नेपाल असफल हुने देश होइनह नेपाल फेरि उठ्ने शक्ति बोकेको देश हो ।यदि जनताले आफ्नो आवाज निरन्तर उठाइरहे भने। यो समय केवल राजनीतिक आलोचना गर्ने समय होइनह यो समय देशको संरचना नै नयाँ रूपमा कल्पना गर्ने समय हो। यदि हामी सबैले यसलाई थाम्न सके यही कल्पना, यही ऊर्जा, यही विद्रोह नै नेपालको नयाँ भविष्य लेख्ने शक्ति बन्न सक्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तहरूबाट टाढिनुपर्ला। कार्यक्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : भविष्यको जग बसाउने अवसर मिल्नेछ । वित्तीय लाभ लिन सकिएला। |
| **वृष** : व्यवसायमा लाभ रहनेछ। प्रेमलाई विवाहमा टुंग्याउन सक्नुहुनेछ । | **वृश्चिक** : पढाईको क्षेत्रमा सहयोग मिल्नेछ । मनमा परोपकारको भावना जागृत हुनेछ । |
| **मिथुन** : छरछिमेकी सहयोगी सिद्ध हुनेछन् । सेवामूलक कार्यबाट मान पाइनेछ । | **धनु** : आत्तिएर निर्णय नलिनुहोला । आफन्तहरूबाट सहयोग मिल्नेछ। |
| **कर्कट** :रकम उठाउन सकिनेछ। उपलब्धिहीन कार्यमा समय व्यतित हुनेछ। | **मकर** : काम समयमा सम्पादन गर्न सकिनेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ । |
| **सिंह** : मांगलिक कार्यको चर्चा हुनेछ । यात्राको प्रक्रिया अगाडि बढ्न सक्छ । | **कुम्भ** : आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ । बोलिले कार्य सिद्ध गर्न सकिनेछ । |
| **कन्या** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मीन** : अध्ययन र व्यापारमा सफलता मिल्नेछ। रमाइलो समय व्यतीत हनुेछ। |

## विज्ञान/सूचना प्रविधि

# स्पेसएक्सको 'राइडशेयर' मिसन सफलतापूर्वक प्रक्षेपण



स्पेसएक्सले 'राइडशेयर' मिसन सफलतापूर्वक प्रक्षेपण गर्‍यो, जसमा विभिन्न साना उपग्रहहरू थिए ।


यो मिसनले एउटै प्रक्षेपणमा धेरै उपकरण पठाएर खर्च बचत गर्छ र साना मिशनहरूलाई सहयोग गर्छ । मिशनमा १४० पे-लोड थिए र स्पेसएक्सले यसअघि १,४०० भन्दा बढी पे-लोड पठाइसकेको छ । वासिङ्टन डीसी । अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले शुक्रबार आफ्नो नयाँ 'राइडशेयर' मिसन सफलतापूर्वक अन्तरिक्षतर्फ पठाएको छ । 'राइडशेयर' मिसन भनेको एउटा रकेटमार्फत एकैपटक धेरै साना उपग्रह वा उपकरणहरूलाई अन्तरिक्षमा पठाउने कार्यक्रम हो । यस किसिमको मिसनमा विभिन्न कम्पनी, संस्था र अनुसन्धान समूहका साना उपग्रहहरू (जस्तै क्यूबस्याट, माइक्रोस्याट वा अन्य वैज्ञानिक उपकरणहरू) एउटै रकेटमा राखिन्छन् ।

यसले एउटै प्रक्षेपणमा धेरै उपकरणहरू अन्तरिक्षमा पुर्‍याउन सकिने सुविधा दिन्छ र ठूलो खर्च पनि बचत हुन्छ । यसरी, साना र लागत प्रभावकारी मिशनहरू सफलतापूर्वक सञ्चालन गर्न सजिलो हुन्छ । .'यट्रान्सपोर्टर-१५' नाम दिइएको यो मिशन क्यालिफोर्नियाको भ्यान्डेनबर्ग स्पेस फोर्स बेसबाट स्थानीय समय अनुसार बिहान १०: ४४ बजे फाल्कन ९ रकेटमार्फत प्रक्षेपण गरिएको स्पेसएक्सले जानकारी दिएको छ । स्पेसएक्सका अनुसार मिसनमा कुल १४० पे-लोड (उपग्रह तथा अन्य उपकरण) रहेका थिए, जसमा क्यूबस्याट, माइक्रोस्याट, होस्टेड पे-लोड तथा कक्षान्तरण गर्ने साना यानहरू पनि समावेश थिए । तीमध्ये १३ पे-लोड भने पछि छुट्टै कक्षमा पठाइने छन् । स्पेसएक्सले सामाजिक सञ्जाल 'एक्स' मा भनेको छ, 'यसको राइडशेयर कार्यक्रममार्फत यसअघि सम्पन्न र अहिले चलाएका मिशनहरू मिलाएर एक हजार ४०० भन्दा बढी पे-लोड सफलतापूर्वक कक्षामा पु-याइएका छन् ।' **रासस**

# एआई चिप बनाउन कति खर्च लाग्छ ?

कुनै समय विज्ञान कथा अर्थात् साइन्स फिक्सन जस्तै लाग्ने कृत्रिम बुद्धिमत्ता एआई आज हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बन्दै गएको छ ।

मोबाइल फोनमा भ्वाइस असिस्टेन्टदेखि कार्यालयमा डेटा विश्लेषण अनि अस्पतालमा रोग पहिचानदेखि कारखानामा अटोमेसनसम्मका सबै ठाउँमा एआई फैलिइरहेको छ । तर यो प्रविधिको तीव्र रुपमा विकास भईरहेको क्षेत्रभित्र एउटा कठोर यथार्थ पनि छ । त्यो हो यसको अकल्पनीय रूपमा महँगो बनिरहेको यसको लागत । वास्तवमा एआई जति लोकप्रिय हुँदैछ यसका लागि आवश्यक चिप निर्माणको खर्च पनि त्यत्तिकै आकासिँदै गएको छ ।




विश्वको सबैभन्दा ठूलो एआई चिप निर्माता कम्पनी एनभिडियाका सिइओ जेनसन हुआङ स्वयंले यस बारेमा खुलासा गरेका छन्। उनका अनुसार नयाँ एआई-चिप संरचनाको डिजाइन र निर्माण प्रक्रिया सुरु गर्नमै साढे ५ अर्ब अमेरिकी डलरभन्दा बढी खर्च भइहाल्छ । आश्चर्यको कुरा त चिपको पहिलो युनिट कारखानाबाट बाहिर निस्कनुअघि नै यति ठूलो रकम खर्च भइसकेको हुन्छ ।

**किन चाहिन्छ यति ठूलो रकम ?**

नयाँ पुस्ताको एआई चिप बनाउन त्यसको डिजाइन, इन्जिनियरिङ, आर्किटेक्चर विकास, सिमुलेशन, टूल चेन निर्माणजस्ता सबै प्रक्रिया सुरुबाटै तयार गर्नुपर्छ । हुआङका अनुसार, केवल डिजाइन र इन्जिनियरिङमै ५ देखि ६ अर्ब डलरसम्म खर्च लाग्छ । त्यसपछि चिपको डिजाइन तयार भएपछि त्यसलाई उत्पादन गर्न मास्क सेट बनाउनुपर्छ, जसमा मात्रै करिब ५० करोड डलर खर्च हुन्छ। यसको अर्थ चिप उत्पादन थाल्नुअघि नै करिब साढे ५ अर्ब डलर खर्च भइसकेको हुन्छ ।

**प्रति चिप कति खर्च पर्छ ?**

सुरुआती खर्च अत्यन्तै ठूलो देखिए पनि प्रतिचिपको वास्तविक मूल्य भने फरक हुन्छ । उदाहरणका लागि एनभिडियाको अत्याधुनिक एआई चीप Blackwell B२०० को मूल्य प्रतिचिप करिब ३० हजारदेखि ४० हजार अमेरिकी डलरसम्म पर्छ । यो मूल्य यसको अघिल्लो पुस्ताको १०० चिपको मूल्यकै हाराहारीमा छ। यसको अर्थ के भने बिक्री गरिने उक्त प्रतिगोटा चिपको मूल्यमा अनुसन्धान तथा विकास खर्च वा प्रारम्भिक लागत समावेश भएको हुँदैन । उक्त मूल्यमा केवल उत्पादन, प्याकेजिङ, ढुवानी खर्च र कम्पनीको नाफा जोडिएको हुन्छ ।

**यति महँगा चिप किन चाहिन्छ ?**

यहाँनेर स्वाभाविक रूपमा प्रश्न उठ्छ कि आखरि यतिधेरै महँगा एआइ चिप किन बनाउनु पर्यो? प्रविधिको क्षमतामा यसको उत्तर लुकेको छ ? सामान्य सिपियू वा जिपियूको तुलनामा Blackwell B२०० जस्ता उन्नत एआई चिप अत्यधिक शक्तिशाली हुन्छन् । यी चिपहरूको कम्प्युटिङ क्षमता, मेमोरी र ऊर्जा दक्षता यति उच्च हुन्छ कि ती चिपले सयौं साधारण प्रोसेसर र GPUको काम एक्लै गर्न सक्छन् । यसका कारण ऊर्जा खर्च, समय र सञ्चालन लागतमा ठूलो बचत हुन्छ। त्यसैले महँगा भए पनि यी चिपहरू भविष्यको प्रविधिका लागि अपरिहार्य बन्दै गएका छन् । **अनलाइन खबर डटकम**

# डिशहोम गो एपमार्फत एनपीएल खेलहरू हेर्न पाइने




**काठमाडौं,** एनसेलले नेपाल प्रिमियर लिग (एनपीएल) दोस्रो संस्करणको डिजिटल स्ट्रिमिङ पार्टनर डिसहोमसँगको सहकार्यमा ग्राहकका लागि एनपीएल प्ले प्याक सञ्चालनमा ल्याएको छ । यो प्याकका साथ ग्राहकहरूले डिशहोम गो एपमार्फत हाल भई रहेका खेलहरूको मजा आफ्नै मोबाइलमा लिन सक्छन् ।

ग्राहकले एनपीएल दोस्रो संस्करणका खेलहरू सहज रूपमा हेर्न सकुन् भन्ने उद्देश्यले एनपीएल प्ले प्याक सञ्चालनमा ल्याइएको एनसेलले जनाएको छ । ग्राहकले बन्डल भएर आउने थप डेटा र सुविधाका आधारमा कर सहित रु २९९ पर्ने यो एपीएल प्ले प्याक लिन सक्छन् । प्याकमा खेलको लाइभ मजा लिन डिशहोम गो एपमा सहज पहुँच सुनिश्चित गरिएको छ ।एनपीएल प्ले प्याकमा ग्राहकले २८ दिनका लागि मान्य रहने १ जीवी डेटा बन्डल सेवाका रूपमा पाउँछन् । ग्राहकले एनसेल एप वा ८१२३३ डायल गरी सहजै यी प्याक खरिद गर्न सक्छन् भने मुलुकभर रहेका एनसेलका खुद्रा विक्रेताहरू मार्फत पनि प्याक खरिद गर्न सकिन्छ । प्याक लिएपछि ग्राहकले आृनो मोबाइल नम्बरमा प्राप्त एसएमएफमार्फत डिशहोम गो एप लगइन गरी एनपीएलका खेलहरू लाइभ हेर्न पाउँछन्।"बन्डल डेटाका साथ एनपीएल दोस्रो संस्करणका खेलहरू हाम्रा ग्राहकहरूले प्याकमार्फत मोबाइलमा प्रत्यक्ष रूपमा हेर्न पाउने व्यवस्था गर्न पाएकोमा हामी निकै खुसी छौं," एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपद्र दत्तले भने, "डिशहोमसँगको हाम्रो यो साझेदारीले ग्राहकहरूलाई निर्बाध रूपमा एनपीएलका खेलहरू लाइभ खेल हेर्ने सुविधा प्रदान गरेको छ। यसले सबैलाई जोड्ने क्रिकेट खेलको रोमाञ्चकतालाई झन् बढाउने छ।" एनसेलले एनपीएलसँग पहिलो संस्करणमा जस्तै दोस्रो संस्करणमा पनि 'पावर्ड वाइ'का रूपमा सहकार्य जारी राखेको छ। यस पटक 'युनाइटेड वाइ क्रिकेट, कनेक्टेड वाइ एनसेल' भन्ने नाराका साथ एनसेल एनपीएलमा आबद्ध रहेको छ। एनपीएलका खेलहरूलाई थप रोमाञ्चक बनाउनका लागि एनसेलले एनपीएल यान प्याकहरू पनि सार्वजनिक गरिसकेको छ। यसै गरी एनसेल फाउन्डेसनले पनि गत वर्ष जस्तै यस वर्ष पनि व्यावसायिक सामाजिक जिम्मेवारीअन्तर्गतको कामलाई जारी राखेको छ । जसमा एनपीएलका खेलमा प्रहार हुने प्रत्येक चौका बापत एनसेलले ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई ४ वटा शैक्षिक सामग्री प्रदान घोषणा गरेको छ ।

*-हाम्राकुरा डटकम*

# अन्तरिक्ष कार्यक्रममा २२ अर्ब युरो बजेट खर्च गर्ने

युरोपेली अन्तरिक्ष एजेन्सीले आगामी तीन वर्षका लागि २२.१ अर्ब युरो बजेट सुरक्षित गरेको छ । यो बजेट २०२२ को प्रतिबद्धताभन्दा पाँच अर्ब युरो बढी हो । नासाले मंगल ग्रहमा जीवनको खोजी गर्ने परियोजनालाई सहयोग गर्ने जनाएको छ ।



युरोप । युरोपेली अन्तरिक्ष एजेन्सी ( इएसए) ले आगामी तीन वर्षको आफ्ना कार्यक्रमहरूको लागि २२.१ अर्ब युरोको बजेट सुरक्षित गरेको बिहीबार उल्लेख छ । महाद्वीपले आफ्नो अन्तरिक्ष प्रयासलाई तीव्र पार्ने लक्ष्यसहित योजनाहरूको घोषणा गरेको हो ।

यो रकम इएसएका २३ सदस्य राष्ट्रहरूले सन् २०२२ मा प्रतिबद्धता गरेको भन्दा पाँच अर्ब युरो बढी हो । 'यो पहिले कहिल्यै भएको थिएन,' जोसेफ एशबाकरले जर्मन शहर ब्रेमेनमा इएसएको मन्त्रीस्तरीय परिषद्को बैठकमा भने । बैठकअघि विज्ञहरूले करिब २० अर्ब युरोको बजेट हुने अपेक्षा गरेका थिए । 'नयाँ प्रतिज्ञाले अन्तरिक्ष एक 'आर्थिक क्षेत्र हो जुन धेरै छिटो बढिरहेको छ,' भन्ने यूरोपको बुझाईलाई प्रष्ट पारेको छ,' एशबाकरले भने । उनले भने, 'यो सुरक्षा र रक्षाका लागि पनि अधिक महत्त्वपूर्ण छ । यो युरोपले समात्नु पर्ने एउटा अति आवश्यकीय क्षेत्र हो।' यस वर्ष ५० वर्ष पुरानो इएसएले आफ्ना सदस्य देशहरूबिच नागरिक अन्तरिक्ष परियोजनाहरूलाई अघि बढाउन युरोपेली संघका निकायहरूसँग समन्वय गर्नेछ । अर्बपति एलन मस्कको स्पेसएक्सजस्ता निजी कम्पनीहरूले अन्तरिक्ष प्रक्षेपण क्षेत्रमा प्रभुत्व जमाएका कारण हालैका वर्षहरूमा अन्तरिक्ष उद्योगमा उल्लेखनीय परिवर्तन आएको छ। सन् २०२२ मा मस्कोले युक्रेनमाथि आक्रमण गरेपछि रुसले आफ्नो रकेट हटाएपछि युरोपले अन्तरिक्षमा आफ्ना परियोजनाहरू प्रक्षेपण गर्ने स्वतन्त्र बाटो पनि गुमाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत जनवरीमा ह्वाइट हाउस फर्केयता अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको बजेट कटौती लक्ष्य अंगालेका छन् ।

नासाले मंगल ग्रहको सतहमा अलौकिक जीवनको स्रोतको खोजी गर्ने रोभर रोजालिन्ड न्याङ्गलिन परियोजनालाई सहयोग गर्ने जनाएको छ । यो मिसन सन् २०२८ मा प्रक्षेपण गर्ने योजना छ ।**रातोपाटी डटकम**

# डिजेल र मट्टितेलको मूल्य घट्यो




**पाल्पा,** मंसिर १५ / पेट्रोलियम पदार्थको मूल्य घटेको छ । नेपाल आयल निगमले सोमबारदेखि लागु हुने गरी डिजेल र मट्टितेलको मूल्य घटाएको हो ।

निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य प्रति लिटरमा १ रुपैयाँले घटाइएको हो । नयाँ मूल्य सूची अनुसार तेस्रो वर्गमा १४६ रुपैयाँ पर्ने छ ।इन्डियन आयल कर्पोरेशनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ मूल्यअनुसार डिजेलमा एक रुपैयाँ ४४ पैसा घटेर तथा हवाई इन्धनमा प्रतिलिटर ५ रुपैयाँ ६२ पैसाले बढेर आएको छ । मूल्य समायोजनसँगै पहिलो वर्गका लागि डिजेल/मट्टितेल प्रतिलिटर १४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १४५ रुपैयाँ र तेस्रो वर्गका लागि १४६ रुपैयाँ कायम गरिएको हो । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ । निगमले हवाई इन्धन (आन्तरिक र अन्तरराष्ट्रियतर्फ)को मूल्य भने बढाएको छ । निगमका अनुसार आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर रु छ र अन्तरराष्ट्रियतर्फ काठमाडौँमा प्रतिकिलोलिटर अमेरिकी डलर ४२ बढाइएको छ । मूल्य बढेसँगै आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर रु १३४ र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर एक हजार १५ पुगेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार डिजेल/मट्टितेलमा प्रतिलिटर एक रुपैयाँ ४४ पैसा घटेर तथा हवाई इन्धनमा प्रतिलिटर पाँच रुपैयाँ ६२ पैसा बढेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

## खेलकुद समाचार

### एसिसी यु-१९ प्रिमियर कपमा नेपाल पराजित



**काठमाडौँ,** १५ मङ्सिरः संयुक्त अरब इमिरेट्स (युएई) मा सम्पन्न एसिसी पुरुष यु-१९ प्रिमियर कप क्रिकेटको उपाधि जित्न नेपाल चुकेको छ । नेपाललाई २७ रनले पराजित गरेर आयोजक युएईले उपाधि चुमेको हो ।

फाइनलमा युएईले दिएको १४८ रनको लक्ष्य पछ्याएको नेपाल ३३ दशमलव दुई ओभरमा १२० रनमा समेटियो । नेपालका लागि कप्तान अशोक धामीले सर्वाधिक ३४, आशिष लुहार र रोशन विश्वकर्माले समान २५/५ रनको योगदान गरे पनि जिताउन सकेनन् । युएईका युग जै शर्मा र अली असगर शम्सले तीन/तीन विकेट हात पारे । यसअघि अजमानस्थित करवान मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको आयोजक युएई ४५ दशमलव पाँच ओभरमा १४७ रनमा अलआउट भयो । जसमा अहमद खुदादादले सर्वाधिक ७१ रन जोडे । नेपालका दयानन्द मण्डलले छ, अपराजित पौडलले दुई, कप्तान अशोक धामी र नितेसकुमार पटेलले एक/एक विकेट लिए ।यसैबीच नेपाल र युएई एसिया कप खेल्नका लागि भने यसअघि नै छनोट भइसकेका छन् । प्रतियोगिताको फाइनलमा पुग्ने दुवै टोली सिधै एसिया कपमा छनोट हुने प्रावधान थियो । यु(१९ एसिया कप आगामी डिसेम्बरमा युएईमै हुँदैछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा सामान्य अङ्कको गिरावट




**पाल्पा,** मंसिर १५ / सेयर बजार घट्ने क्रमले सोमबार पनि निरन्तरता पाएको छ । जसअनुसार आइतबार झन्डै साढे २६ अंकले घटेको नेप्से सोमबार ४ दशमलव २८ अंकले घटेको हो ।

अघिल्लो दिनको तुलनामा ० दशमलव १६ प्रतिशबतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ४५ दशमलव २४ विन्दुमा ओर्लेर बन्द भएको छ ।सोमबार ३ सय २५ कम्पनीको एक करोड आठ लाख ६० हजार ८ सय २८ कित्ता शेयर ६० हजार ६ सय २० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ७१ करोड ६३ लाख ८३ हजार ५ सय ८० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक शून्य दशमलव २६, वित्त शून्य दशमलव ९१, जलविद्युत् शून्य दशमलव २२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३० र लघुवित्त शून्य दशमलव ६१ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ०४, लगानी शून्य दशमलव ७३, जीवन बीमा शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव १७, व्यापार शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ । कारोबारमा सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने निफ्रा ग्रिन इनर्जी डिबेञ्चरको शेयर मूल्य नौ दशमलव ५१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको रु २७ करोड १० लाख तीन हजार १८० बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिद्धार्थ इक्विटी फन्डको सात लाख ६५ हजार कित्ता शेयर किनबेच भएको छ ।

अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । आइतबार सेयर बजारमा ७ अर्ब ८ करोड ५४ लाख रुपैयाा बराबरको सेयर कारोबार भएको थियो । सोमबार कारोबारमा आएका १३ उपसमूहमध्ये बैकिङ, लगानी, होटेल तथा पर्यटन, जीवन बिमा, सामूहिक लगानी कोष, अन्य र व्यापारको परिसूचक घटे । बाँकी उपसमूहको परिसूचक सामान्य बढेका हुन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई